नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
(.....शाखा)

फोन नं. ४२६२५९०
४२६२८०२
४२६२७०६
४२६२९३५
४२६२८६२
४२२३५८०

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

रामशाहपथ,
काठमाडौं, नेपाल ।

प्राप्त पत्र संख्या :-

पत्र संख्या

चलानी नं. :-

मिति :- .....

विषय :- **प्रेस विज्ञप्ति**

सम्माननीय प्रधानमन्त्रीज्यूले आज मिति २०७६ फागुन १७ गते माननीय उपप्रधानमन्त्री तथा रक्षा मन्त्री, माननीय परराष्ट्र मन्त्री, माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री, माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री र माननीय अर्थ र संचार तथा सूचना प्रविधि मन्त्री एवं उच्च अधिकारीहरू सहितको बैठकमा कोभिड-१९ (नोभल कोरोना भाईरस) को रोकथाम, नियन्त्रण र आवश्यक तयारीका सम्बन्धमा हालसम्म भएगरेका कार्यहरूको बारेमा जानकारी लिनु भयो । उक्त बैठकमा कोभिड-१९ को रोकथाम, नियन्त्रण र हालसम्मको तयारीको समीक्षा गरियो । सम्बद्ध सरकारी निकायहरू, सरोकारवालाहरू एवं आमजनसमुदायबाट भएका महत्वपूर्ण सहयोगद्वारा हालसम्म सो रोगको संक्रमण तथा फैलावटलाई रोक्न सफलता मिलेको सम्बन्धमा बैठकमा चर्चा गरियो । विश्वस्तरमा सो रोगको द्रुत गतिमा विस्तार भैरहेको र यसबाट नेपालमा जनस्वास्थ्य एवं अर्थतन्त्र लगायतका विभिन्न पक्षहरूमा पर्न सक्ने असरहरूको बारेमा विस्तृत अध्ययन विश्लेषण गरी उपयुक्त कदम चाल्ने, उक्त रोगको रोकथाम र नियन्त्रणका लागि उच्च सतर्कता अपनाउने, जनचेतना अभिवृद्धि गर्ने, सजगता अपनाउने र आवश्यक सम्पूर्ण तयारी तथा निर्णयहरू गरी सो को कार्यान्वयन गर्न गराउन एवं यसको निरन्तर अनुगमन तथा निगरानी गर्नका लागि माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीज्यूको संयोजकत्वमा माननीय गृह मन्त्री, माननीय परराष्ट्र मन्त्री, माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री, माननीय कृषि तथा पशुपंक्षी विकास मन्त्री, माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री, माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री, माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री र माननीय अर्थ र संचार तथा सूचना प्रविधि मन्त्री सम्मिलित **कोभिड- १९ (नोभल कोरोना भाईरस) रोकथाम तथा नियन्त्रण उच्च स्तरीय समन्वय समिति** गठन गर्ने निर्णय गरियो ।

मिति २०७६ फागुन १७ गते ।

डा. दिपेन्द्र रमण सिंह

प्रमुख विशेषज्ञ